# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

**निर्माण तथा मालसामान खरिद सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना ।**
(प्रथम पटक प्रकाशित मिति २०७७/०६/२६)

यस कार्यालयको चालु आ.व.०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित मालसामानहरु विद्युतीय वोलपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय वोलपत्र पेश गर्न इच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.०७६।०७७ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३१ औं (एक्तिसौं) दिनको १२.०० बजेभित्र यस कार्यालयमा विद्युतीय बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. योग्य बोलपत्रहरुले यस कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट यस बोलपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. बोलपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंक सम्बन्धि विवरणमा दाखिला गरेको भौचर स्क्यान गरी ( pdf format) e-GP पोर्टलमा अपलोड गरी बोलपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :**

बैकको नाम: राष्ट्रिय वाण्ज्यि वैक शाखा ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरपालिका ओखलढुंगा कार्यालय खाता नं.: २०७०१००३०१०१०००३

३. बोलपत्रदाताहरुले बोलपत्रहरु विद्युतिय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयका e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत २०७७/०७/२६ गते दिनको १२.०० वजे सम्ममा पेश गर्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त कागजातहरु स्वीकार गरिने छैन ।

४. ताकिएको समय भित्र प्राप्त हुन आएका विद्युतिय वोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सोही दिन दिनको २:०० बजे यस यस कार्यालयमा खोलिने छ ।

५. दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र गर्नु पेश गर्नु पर्ने छ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको सोहि समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून तथा सावर्जनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

९. थप स्पेसिफिकेसनका लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/ र Bid Docupment मा उपलब्ध छ ।

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | दरभाउपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| Work/07/077/78 | सिद्धिचरण राजमार्ग कारगार हुदै रुम्टी सडक स्तरोन्नती | १,३०,५५,७१५/१८ | ३,०००/- | ३,४०,०००/- |
| Work/08/077/78 | मिलनचोक खाद्यगोदाम हुलाकडाँडा कृष्ण मन्दिर साल्मेखोरिया कृष्णमन्दिर रमाईलोडाँडा सडक स्तरोन्नती | ६६,०३,१४६/३१ | ३,०००/- | १,७५,०००/- |
| Work/9/077/78 | श्रष्टा पार्क स्थित स्तुपा निर्माण | ६७,१९,९९६/४३ | ३,०००/- | १,७५,०००/- |
| Goods/10/077/78 | स्यानिटरी प्याड खरिद | २२,८०,१७७/२८ | ३,०००/- | ६२,०००/- |
| Goods/11/077/78 | औषधी खरिद | २४,००,०००/- | ३,०००/- | ६०,०००/- |
| Work/12/077/78 | वडा नं. ४ स्थित विभिन्न सडक खन्ने काम | ७,८९,८९३/१९ | १,०००/- | २१,५००/- |
| Work/13/077/78 | वडा नं. ५ स्थित विभिन्न सडक खन्ने काम | १५,५०,४६७/३० | १,०००/- | ४१,५००/- |
| Work/14/077/78 | वडा नं. ६ स्थित विभिन्न सडक खन्ने काम | १५,९७,५३०/१२ | १,०००/- | ४२,५००/- |
| Work/15/077/78 | वडा नं. ७ स्थित विभिन्न सडक खन्ने काम | १७,८५,०१३/८० | १,०००/- | ४७,५००/- |

प्रमुख प्रशासकिय अधिकृत